नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोनः ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:

Email: cyberbureau@nepalpolice.gov.np
भोटाहिटी, काठमाण्डौ

मितिः २०७८-०३-०८ गते।

# प्रेस विज्ञप्ति

## सामाजिक सञ्जाल Clubhouse मा नेपाल प्रहरी तथा प्रहरी अधिकृतको फोटो दुरुपयोग गर्ने व्यक्ती पक्राउ।

सामाजिक संजाल **Clubhouse** मा नेपाल प्रहरीको लोगो दुरुपयोग गरी Nepal Police को नाममा Open/Social Room बनाई प्रहरी अधिकृतको दर्ज्यानी चिन्ह अंकित Uniform सहितको फोटो दुरुपयोग गरी प्रोफाईलमा प्रहरी अधिकृतको नाम लगायतका विवरण समेत समावेश गरी Fake ID बनाई नेपाल प्रहरीका कर्मचारीहरुको छविमा नकारात्मक प्रभाव पार्ने गरी सूचना सम्प्रेषण गर्नुको साथै अहोरात्र आम नागरिकको सेवामा समर्पित सिंगो प्रहरी संगठनको छविलाई धमिल्याउने तथा गरिमामय संगठनको सम्बन्धमा सामाजिक संजालको दुरुपयोग गरी भ्रामक तथा भ्रमपुर्ण अफवाह फैलाएको कसुरमा जिल्ला भक्तपुर चागुनारायण नगरपालिका वडा नं. ०६ खरीबोट बस्ने बर्ष २० को ईसान लामिछानेलाई यस ब्यूरोको टोलीले मिति २०७८-०३-०७ गते भक्तपुरबाट पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतको अनुमतिले ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भैरहेको।

**प्रवक्ता एवं सूचना अधिकारी**
(नविन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक

***पुनश्चः-*** *अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ।*